

**के तपाईको घर पानीले रसाएको छ ?**
**अब चिन्ता नगर्नुहोस !**
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत ८ गते बुधबार ❑ 22 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## छिट्टै सरकारलाई पूर्णता दिन्छौँ : प्रधानमन्त्री दाहाल

**पोखरापत्र संवाददाता**
गोरखा, ७ चैत

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारलाई पूर्णता दिने प्रक्रिया सुरु भएको बताउनुभएको छ।

गोरखाको हर्मीमा पन्थडिही-कटहरे-हर्मी-साहिलटार सडक स्तरोन्नति कार्यको मंगलबार शिलान्यास गर्दै उहाँले विश्वासको मत लिएसँगै सरकारलाई पूर्णता दिन छलफल सुरु भइसकेको बताउनुभयो।

प्रधानमन्त्री दाहालले सरकारलाई पूर्णता दिन नेपाली कांग्रेसलगायत अन्य दलसँग छलफल भइरहेको जानकारी दिनुभयो। "हिजोदेखि फेरि एउटा राजनीतिक वातावरण बनेको छ, लय पक्रिएको छ", उहाँले भन्नुभयो, "सदनमा रहेका झन्डै ११ पार्टीको विश्वासको मतसहित अब छिट्टै हामी सरकारलाई पूर्णता दिने प्रक्रियामा छौँ ।" उहाँले प्रदेशका सरकार पनि तत्काल पुनःगठन हुने बताउनुभयो। "सबै



प्रदेशमा आलोपालो प्रणालीबाट सरकारको नेतृत्व गर्ने गरी सबै प्रदेश सरकारलाई पूर्णता दिने तयारीमा छौँ", प्रधानमन्त्री दाहालले भन्नुभयो, "जनताका विकास, निर्माण र समृद्धिको आकाङ्क्षा सम्बोधन गर्न एकीकृतरुपमा काम अगाडि बढाउने योजनासहित तीनवटै तहका सरकारबीच बृहत् बैठकको आयोजनासमेत गर्न लागिएको छ ।" उहाँले तिनै तहको सरकारमार्फत देशभरिका विकास निर्माणका कामलाई गति दिने बताउनुभयो ।

प्रधानमन्त्री दाहालले नेपालको विकासको मोडालिटीमा पुनर्विचार गर्नुपर्ने आवश्यकता रहेकोसमेत औँल्याउनुभयो । सडकको विकासले मात्र समृद्धि हुन नसक्ने भन्दै उहाँले कृषि, शिक्षा, रोजगारीसँग जोडेर सडक निर्माण गर्न सकेमात्र विकासले फड्को मार्ने बताउनुभयो।

प्रधानमन्त्री दाहालले उक्त सडकको शिलान्यास केवल एउटा सडकको शिलान्यास मात्र नभएर आफूले निर्वाचनमा जनतासँग गरेका प्रतिबद्धता पूरा गर्ने एउटा प्रक्रियाको उद्घाटनसमेत भएको बताउनुभयो । "निर्वाचनका क्रममा मैले गरेका प्रतिबद्धता कार्यान्वयन प्रक्रियाको राम्रो सुरुआत यो सडकको शिलान्यासबाट भएको छ", उहाँले भन्नुभयो, "देशभरिका सडक सञ्जाल र भौतिक पूर्वाधार विकासका सर्न्दभमा बजेटको अभाव हुन नदिनका निम्ति निर्देशनसमेत दिइसकेको छु।"

प्रधानमन्त्री दाहालले चुनाव लड्दा बनेको राजनीतिक समीकरणबाट विश्वासको मत लिएको भोलिपल्टै गोरखा आएर सडक शिलान्यास गर्न पाउनु खुसीको कुरा भएको उल्लेख गर्नुभयो । उहाँले आरुघाट-बेनिघाट-लार्के सडकखण्ड निर्माणको कामलाई तीव्ररुपमा अगाडि बढाउने तयारी भइरहेको बताउनुभयो। गोरखाकाली रबर उद्योग पुनःसञ्चालन टिम बनाएर मोडालिटी तयार गर्नका लागि छलफल गरिरहेको प्रधानमन्त्री दाहालको भनाइ छ।

## जिससका जनप्रतिनिधिलाई अभिमुखिकरण

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

जिल्ला समन्वय समिति महासंघ गण्डकी प्रदेश समितिको समन्वय र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आयोजनामा गण्डकी प्रदेशका जिसस पदाधिकारी र सदस्यहरूको लागि आयोजित एक दिने अभिमुखिकरण तालिम सोमबार पोखरामा सम्पन्न भएको छ।

सो अभिमुखिकरण कार्यक्रमको गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले समुद्घाटन गर्नुभएको थियो । उद्घाटन गर्दै मुख्यमन्त्री अधिकारीले तीन तहका सरकार बिच समन्वय गर्ने उद्देश्यले स्थापित जिल्ला समन्वय समितिलाइ संविधानले दिएका दायरा भित्र रहि प्रभावकारी काम गर्न अभिमुखिकरण फलदायी हुने उल्लेख्य गर्नुभयो। अधिकारीले प्रदेश सरकारले समन्वय समितिका काम प्रभाबकारी बनाउन प्रदेश सरकारले गर्नुपर्ने कानुन निर्माण लगायतका बिषयमा सरकार सक्रियताले लाग्ने बताउनु भयो।



जिल्ला समन्वय समिती महासंघ गण्डकी प्रदेशका अध्यक्ष लिलाधर पौडेलले अनुगमन र समन्वयका काम प्रभावकारी रूपले सम्पन्न गर्न अभिमुखिकरण आयोजना गरिएको भन्दै दक्षता बढाउन सहयोगी हुने बिश्वाश व्यक्त गर्नुभयो । गण्डकी प्रदेश सरकारका प्रमुख सचिब रबिलाल पन्थले समन्वय संरचना जिबन्त र कार्य बाताबरण सहज बनाउन विभिन्न समयमा अभिमुखिकरण आबश्यक हुने बताउनुभयो।

"जिल्ला समन्वय समितिको अधिकार, भूमिका र जिम्मेवारी "बिषयक एक दिने अभिमुखिकरण कार्यक्रममा नेपाल सरकारका पूर्ब मुख्य सचिब सोमलाल सुबेदी र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले सहजीकरण गर्नु भएको थियो।

कार्यक्रमको पहिलो चरणमा गण्डकी प्रदेशका एघार जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख ,उप प्रमुख र दुई जना सदस्य गरि करिब ५० जनाको सहभागिता रहेको जनाइएको छ । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रको संचालन प्रतिष्ठानका शाखा अधिकृत बाबुराम न्यौपानेले गर्नुभएको जिसस महासंघ गण्डकीले जनाएको छ।

## उवा महासंघ गण्डकीमा पदस्थापन

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

नेपाल उद्योग वाणिज्य महासंघ गण्डकी प्रदेशका नवनियुक्त अध्यक्षसहित पदाधिकारी र कार्यसमितिका सदस्यहरुले पदभार ग्रहण गरेका छन्।

महासंघको छैटौं प्रदेश सभा तथा तेस्रो कार्यकारिणी समितिको निर्वाचनबाट अध्यक्षमा निर्वाचित अमृत भट्टचनसहितका पदाधिकारी तथा कार्यसमितिका



सदस्यहरुले मंगलबारबाट पदभार सम्हालेका हुन् उनीहरुलाई महासंघ गण्डकीका निवर्तमान अध्यक्ष संजिवबहादुर कोइरालाले पदस्थापन गराए । महासंघ गण्डकीको सोमबार सम्पन्न निर्वाचनबाट अध्यक्षमा अमृतप्रसाद भट्टचन, जिल्ल्ला नगर उद्योग वाणिज्य संघतर्फबाट उपाध्यक्षमा केदारनाथ शर्मा,एसोसियट उपाध्यक्षमा सूर्यबहादुर भुजेल,कोषाध्यक्षमा नवराज सुवेदी र कायसमिति सदस्यहरुमा हरिकुमार श्रेष्ठ,गोपी अधिकारी,केदारप्रसादपराजुली,गुणराज सिलवाल,रामचन्द्र रेग्मी निर्वाचित भएका थिए । अध्यक्षमा शोभाकान्त पौडेल र अमृत भट्टचन उम्मेदवार रहेकोमा सहमतिको लागि उनीहरु अन्तिममा गोला प्रूथाबाट अध्यक्ष चुनिन राजी भएका थिए । गोलाप्रथाबाट भट्टचन अध्यक्ष भएका हुन् ।


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## अर्थतन्त्र सुधार्न राजनीतिक स्थिरता चाहिन्छ : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले मुलुकको अर्थतन्त्र सुधार गर्न राजनीतिक स्थिरता आवश्यक रहेकामा जोड दिनुभएको छ।

सोमबार पोखरामा आयोजित नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेशको छैटौँ सम्मेलनलाई सम्बोधन गर्दै उहाँले राजनीतिक अस्थिरता भइरहे आर्थिक क्षेत्रले फड्को मार्न नसक्ने उल्लेख गर्नुभयो।

प्रदेश प्रमुख गुरुङले देशी-विदेशी लगानीकर्तालाई आकर्षित गर्न राज्यले उचित नीति र वातावरण तयार गर्नुपर्ने धारणा राख्नुभयो।

"देशमा राजनीतिक स्थायित्व भए ढुक्क भएर लगानी गर्ने वातावरण बन्छ, अर्थतन्त्र पनि उकासिन्छ", उहाँले भन्नुभयो, "उद्योग, व्यवसायको प्रवर्द्धनमा राजनीतिक नेतृत्व र राज्य संयन्त्र सहयोगी बन्नुपर्छ।" देशमै रोजगार सिर्जना र अर्थतन्त्र चलायमान बनाउन निजी क्षेत्रले खेलेको भूमिका महत्वपूर्ण रहेको प्रदेश प्रमुख गुरुङले बताउनुभयो।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१


## बजेट अभावमा अलपत्र कभर्ड हल

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

लेखनाथ रङ्गशालामा निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल डेढ वर्षयता बजेट अभावमा अलपत्र परेको छ । पोखरा-२९ भण्डारढिकमा छ वर्षअघि निर्माण थालिएको कभर्ड हलले अझै पूर्णता पाउन सकेको छैन।

पोखरा रङ्गशालाको विकल्पका रुपमा लिइएको लेखनाथ रङ्गशालाको कभर्ड हल निर्माणले गति नलिएपछि खेलकुदप्रेमी निराश बनेका छन् । निर्माण समितिका अध्यक्ष सुवास खड्काले बजेट नहुँदा कभर्ड हलको काम रोकिएको बताउनुभयो।

चालु आर्थिक वर्षमा कभर्ड हललाई कतैबाट पनि बजेट परेको छैन। पोखरा महानगरसहित सङ्घ र प्रदेश सरकारबाट यतिबेला बजेट ल्याउन पहल भइरहेको अध्यक्ष खड्काले बताउनुभयो । अहिलेसम्म कभर्ड हलमा रू एक करोड १० लाख खर्च भइसकेको उहाँको भनाइ छ । आव २०७४/७५ मा गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट छुट्टिएको रू ११ लाख बजेटबाट कभर्ड हलको निर्माण सुरु गरिएको थियो।

त्यसयता राष्ट्रिय खेलकुद परिषद्को रू ५० लाख, प्रदेशको युवा तथा खेलकुद मन्त्रालयको रू २५ र तत्कालीन प्रदेशसभा सदस्य दीपक कोइरालाको निर्वाचन क्षेत्र विकास कार्यक्रमको रू २५ लाख बजेट खर्च भइसकेको छ। उक्त बजेटबाट कभर्ड हलमा भूईंतलाको पिलर र गारो लगाउने काम भएको छ। "सबै संरचना तयार गर्न अझै रू तीन करोड लाग्छ", अध्यक्ष खड्काले भन्नुभयो, "भलिबलदेखि मार्सल आर्टलसम्मका प्रायः सबै इन्डोर खेललाई हुने गरी कभर्ड बनाउन लागिएको हो ।" कभर्ड हल ४५ मिटर लामो र २६ मिटर चौँडा हुनेछ । सुरुमा रू तीन करोडको बजेट अनुमान गरिए पनि महँगीका कारण अब लागत पनि बढ्ने देखिएको छ। नवौं राष्ट्रिय खेलुकद प्रतियोगिता पोखरामा हुँदा राखेप सदस्य सचिव टङ्कलाल घिसिङले उक्त कभर्ड हलको अवलोकन गरी बजेटका लागि पहल लिने आश्वासन दिनुभएको थियो।

प्रदेश सरकारका प्रतिनिधिले पनि पटक-पटक बजेटको कमी हुन नदिइने बताउँदै आएका छन्। तर बजेटकै कारण महत्वपूर्ण खेल पूर्वाधार वर्षौंदेखि अलपत्र छ। "जुन उद्देश्यले कभर्ड हलको योजना सुरु गरेका थियौं, सोअनुसार काम नहुँदा हामी पनि दुःखी छौँ", अध्यक्ष खडकाल भन्नुभयो, "अहिलेसम्मको लगानीलाई यसै खेर जान दिँदैनौं, सरकारसँग हारगुहार गरेर भएपनि कभर्ड हल बनाउँछौं ।" पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बजेट नभएर कभर्ड हल अलपत्र परेपछि तीनै तहका सरकारको ध्यानाकर्षण गराइएको बताउनुभयो । "कोभिड-१९ महामारी जस्ता कारणले पनि खेल पूर्वाधारमा बजेट कटौती भयो, अब बजेट र स्रोतसाधन जुटाएर कभर्ड हललाई पूर्णता दिनुपर्छ", उहाँले भन्नुभयो, "खेलकुदलाई राज्यले पनि प्राथमिकतामा राख्नुपर्छ, पूर्वाधार नै नभए खेलकुद क्षेत्र अगाडि बढ्न सक्दैन ।" लेखनाथ रङ्गशालालाई पूर्वाधार सम्पन्न बनाउन पोखरा महानगरले अगुवाइ गर्नुपर्ने कार्यालय प्रमुख योगीले बताउनुभयो । "खेलाडी उत्पादनदेखि र खेल गतिविधि सञ्चालनका लागि लेखनाथ रङ्गशाला उपयुक्त ठाउँमा छ, संरचना बनाउन सके पोखराको वैकल्पिक रङ्गशाला बन्छ", उहाँले भन्नुभयो । रङ्गशालामा भएका संरचनाको पनि उचित रेखदेख र संरक्षण हुन नसकेको पोखरा-२९ आदर्शचोकका पूर्ण खत्रीले बताउनुभयो । "स्थानीयले पैसा उठाएर बनाएको ब्याडमिन्टन कोर्टमा तोडफोड हुन थालेपछि हामी जानै छाड्यौं", उहाँले भन्नुभयो, "पूर्वाधार नै नभएपछि रङ्गशाला नाम मात्रको भएको छ।"

# मध्यपहाडी राजमार्गको पोखरा खण्डमा विवाद

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

राष्ट्रिय गौरवको आयोजना पुष्पलाल (मध्यपहाडी) राजमार्गको पोखरा खण्डमा विवाद भएको छ । यसअघि विवादकै कारण लामो समयसम्म राजमार्गको रेखाङ्कन टुङ्गो लाग्न नसकेकामा पछिल्लो समय तय गरिएको रेखाङ्कनको स्थानीयले विरोध गरेका हुन् । पछिल्लो समय पोखराको ग्रामीण क्षेत्रलाई समेटेर साढे ३५ किमीको नयाँ एलाइनमेन्ट तय गरेर निर्माणको ठेक्का सम्झौता भएपछि पोखरा-१६ बाटुलेचौर र लामाचौरका स्थानीयवासी बजारबाट राजमार्ग लैजान नहुने भन्दै आन्दोलनमा उत्रिएका हुन् । पोखराको याम्दीपुलदेखि कालिखोलासम्मको खण्डमा विवाद भएको हो । निर्माण कम्पनीले काम सुरु गर्न लाग्दा सडक मापदण्डका कारण विस्थापित हुनुपर्ने भन्दै प्रभावित क्षेत्रका नागरिक आन्दोलनमा उत्रिएपछि सो क्षेत्रमा निर्माण कम्पनीले काम रोकेको छ। पोखरा महानगरपालिका-२५ याम्दी जौवारी पुलदेखि मादी गाउँपालिकाको भैँसेसम्मको राजमार्ग रेखाङ्कन नहुँदा लामो समय यस खण्डमा काम हुन सकेको थिएन । गत असोजमा मध्यपहाडी राजमार्ग आयोजनाले पोखराको याम्दी पुलदेखि, लामाचौर, अमला विसौनी, महेन्द्रगुफा, कालीखोला, अर्मलाकोट र मादी गाउँपालिकाको आँटीघर, पानीघाट, मेलबोट, ज्याम्दु हुँदै भैँसेसम्म जोड्ने गरी नयाँ रेखाङ्कन गरेर गत भदौ १४ गते निर्माणका लागि ठेक्का आह्वान गरेको थियो । याम्दीदेखि कालिखोलासम्म चार लेन र कालीखोलादेखि ज्याम्दुसम्मको पहाडी भूगोलमा दुई लेनको बाटो बनाउने सम्झौता भए पनि पोखराको लामाचौर र अमलाविसौनीका स्थानीयले विरोध जनाएका छन् । स्थानीयलाई जानकारी नदिइकन वडा कार्यालयले राजमार्गको सहमति दिएको उनीहरुको आरोप छ । स्थानीयले सङ्घर्ष समिति गठन गरी एक सातादेखि दैनिक वडा कार्यालयमा धर्ना दिएका छन् ।

राजमार्गको रेखाङ्कन क्षेत्रमा पर्ने जग्गाधनीसँग कुनै छलफल नै नगरिकन राजमार्ग निर्माणका लागि सिफारिस गरिएपछि आफूहरु विरोधमा उत्रिएको सङ्घर्ष समितिका अध्यक्ष गोविन्दबहादुर बस्नेतले बताउनुभयो । सडक निर्माणका सम्पूर्ण प्रक्रिया रोक्न र उपयुक्त विकल्पको खोजी गर्न मागसहित आन्दोलनमा उत्रिएको उहाँले बताउनुभयो । बस्ती छिराएर नभई ग्रामीण क्षेत्र हुँदै जाने अर्को वैकल्पिक उपायको खोजी गर्नुपर्ने माग पीडित पक्षको छ। उहाँले भन्नुभयो, "वास्तविक घरजग्गा धनीलाई विना सूचना, भेला तथा सुनुवाइ केही नगरिकन जग्गाधनीको सहमति र मञ्जुरी विना गरिएको राजमार्गको रेखाङ्कन हामीलाई मान्य छैन । महेन्द्र गुफा, चमेरे गुफा जस्ता राष्ट्रिय पर्यटकीय सम्पदा भएको स्थानबाट राजमार्ग बनाउन मिल्दैन, महत्वपूर्ण सम्पदालाई दूरगामी गम्भीर क्षति पुग्ने कारणले गर्दा यो खण्ड राजमार्ग निर्माणको लागि छैन ।" स्थानीयका अनुसार सो क्षेत्रबाट राजमार्ग निर्माण गर्दा पर्यटकीय सम्पदासहित तीन सय घरधुरी विस्थापित हुने बताइन्छ । स्थानीयले राजमार्गका लागि वैकल्पिक बाटो खोजी गर्नुपर्ने र बजार क्षेत्रमा छिराउन नदिने अडान लिएका छन् । अहिलेको रेखाङ्कनअनुसार सडक निर्माण गर्दा आफूहरु सुकुम्वासी हुनुपर्ने स्थानीयको चिन्ता छ ।

पोखरा खण्डमा राजमार्गको रेखाङ्कन विवाद लामो समयसम्म थाँती रहेपछि २०७७ फागुन ८ गते पोखरा महानगरपालिका र मादी गाउँपालिकाको संयुक्त बैठक बसेर पुनःनक्साङ्कनका लागि नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरेको थियो । सोही बैठकले हालको रेखाङ्कन उपयुक्त हुने निर्णय गरेको थियो । त्यसपछि तत्कालीन पोखरा-१६ का वडाध्यक्ष जीवनप्रसाद आचार्यले वडामा पर्ने अर्मलाकोटदेखि याम्दीसम्मको जग्गामा कुनै विवाद नभएको, कुनै मुआब्जा दिन नपर्ने र क्षतिपूर्ति न्यून भएकाले राजमार्ग निर्माणको आवश्यक प्रक्रिया अघि बढाइ दिन भनी पुष्पलाल मध्यपहाडी राजमार्ग सडक योजना कार्यालयलाई पत्राचार गर्नुभएको थियो। सरकारले मध्यपहाडी राजमार्ग आयोजना सुरु गरेपछि सुरुआतमा पोखरा खण्डमा अधिकांश बजार क्षेत्र पर्ने गरी याम्दीपुलदेखि लामाचौर, भलाम, मणिपाल पछाडि, फूलबारी, काहुँखोला बजार हुँदै भैँसेसम्म जोड्ने गरी डिपीआर तयार गरिएको थियो। पुरानो डिपीआरअनुसार राजमार्ग निर्माण गर्दा सो क्षेत्रमा अत्यधिक घर बनेको र धेरै जग्गा खण्डीकरण भएर घडेरीमा बिक्री भएको, राजमार्गको मापदण्डले ठूलो बस्ती स्थानान्तरण गर्नुपर्ने र सो सम्भव नभएपछि राजमार्ग आयोजनाले विकल्प खोजेको थियो । यसअघि पनि बजार क्षेत्रबाट राजमार्ग लैजान नहुने भन्दै रेखाङ्कन क्षेत्रका स्थानीय विरोधमा उत्रिएका थिए। पुष्पलाल (मध्यपहाडी) राजमार्ग सडक योजना कार्यालय पर्वतका प्रमुख इञ्जिनियर नारायणदत्त भण्डारीले विरोधका कारण लामाचौर खण्डको काम रोकिएको बताउनुभयो। भैँसेदेखि याम्दीसम्म विगत वर्षहरुमा डिपीआर र सर्भे भएर बसिरहेको र ठेक्का लगाउन नसकेको अवस्थामा नयाँ रेखाङ्कनसहित निर्माणको ठेक्का सम्झौता गरिएको उहाँले बताउनुभयो । भण्डारीले भन्नुभयो, "लामाचौर क्षेत्रमा विवाद भए पनि भैँसेदेखि काम सुरु भएको छ । मापदण्डका बारेमा स्थानीयलाई बुझाउने र विवाद समाधानको पहल गरिरहेका छौँ । महानगरले लागू गरेको खोलाको मापदण्डअनुसार नै सडक मापदण्ड मानेर लैजाने चाहेका छौँ ।"

पछिल्लो समय हामीले तीव्रताका साथ काम अघि बढाएर नयाँ रेखाङ्कनसहित डिपीआर तयार गरेर ठेक्का आह्वान गरेका छौँ, अब पोखरा खण्ड निर्माणको प्रक्रियामा अघि बढ्यो ।" पोखरा महानगरपालिका–१६ का वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले रेखाङ्कन विवाद समाधानका लागि बृहत् सर्वदलीय बैठक बसेर परिमार्जनका लागि सङ्घीय सरकारसँग आग्रह गर्ने र स्थानीयस्तरमा सहजीकरणको पहल गर्ने निर्णय भएको जानकारी दिनुभयो ।

उहाँका अनुसार विवादित क्षेत्रमा हाल आयोजनाले आफ्नो काम अघि नबढाउने भएको छ । वडाध्यक्ष तिमिल्सिनाले भन्नुभयो, "विवाद भएपछि सो क्षेत्रमा समस्या समाधान गर्ने र स्थानीयको सहमति विना काम सुरु नगर्ने आयोजनाले प्रतिबद्धता जनाएको छ । विकल्पका लागि हामी सबैसँग छलफलमा छौँ ।"



फेवातालमा फोहोरः पोखराको मुख्य पर्यटकीय स्थल फेवातालमा प्लाष्टिकका वोतल सहित फोहोर जम्मा भएको छ । गण्डकी प्रदेशको कृषि उर्जा तथा जलश्रोत मन्त्रालय परिसरमै यस्तो फोहोर तालमै तैरिएर रहेको अबस्थामा रहेको पोखराका नागरिक अगुवा राम बहादुर पौडेलले बताए । पोखराको ड्यामसाइडको क्षेत्रमा प्लाष्टिकजन्य फोहोरको थुप्रो । फेवातालमा जथभावी रुपमा प्लाष्टिकजन्य सहित फोहोर फाल्नाले पोखराका पर्यटकीय स्थल फेवाताल दुषित हुदैं गएको स्थानीयले बताए । तस्विरः दीननाथ बराल

# आलु महोत्सवमा हेमजाका आमा समुहको साथ

**समिक्षा गौतम/ रन्जिता आचार्य**
पोखरा, ७ चैत

यही चैत्र २६ गतेदेखि बैशाख ३ गतेसम्म हुन गइरहेको ११ औं राष्ट्रिय हेमजा आलु महोत्सव-२०७९ लाई हेमजाका आमा समूहले सक्दो सहयोग गर्ने भएका छन् ।

मूल आयोजक समितिले मंगलवार राखेको आमा समुहको भेलामा आलु महोत्सवले हेम्जालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थरमा चिनाउने गरेको पहल गर्ने कुरा राखिएका थिए । कामधेनु महिला कृषक समूहको प्रतिनिधित्व गर्दै पार्वती बानियाँ, तिब्रेकोट आमा समुहको उषा कुँवर, शृजनशिल मिलन आमा समूहको मिना कुँवर, सिद्धिविनायक आमा समुहको अध्यक्ष पार्बती थापा, राधा कृष्ण आमा समुहको प्रतिनिधित्व गर्दै सृजना सापकोटा, देविस्थान आमा समुहकी सदस्य बुद्ध कुवर, सृजनशिल आमा समुहको सचिब गीता बराल अधिकारी, लगायतले आफ्ना विचार प्रस्तुत गर्नुभएको थियो ।



भेलाले आलु महोत्सवमा हेमजा लगायत यस क्षेत्रका बासिन्दाको सहभागिता बढाउने निर्णय पनि गरेको छ । त्यस अवसरमा मूल आयोजक समिति संयोजक सुविन श्रेष्ठ, महासचिव वसन्तकुमार श्रेष्ठ, आमा समूह परिचालन उप समिति संयोजक उमा भुर्तेल पौडल, सांस्कृतिक उपसमिति संयोजक दान बहादुर थापा लगायतले सहजीकरण गर्नुभएको थियो । महोत्सव आकर्षणहरुमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड, आलुका विभिन्न परिकार, विविध सांस्कृतिक कार्यक्रम, रत्यौली प्रतियोगिता, कृषि कविता प्रस्तुति, प्रदेशस्तरीय कृषि दोहोरी गीत प्रतियोगिता, कृषि झाँकी प्रतियोगिता, पप कन्सर्ट, हास्य कलाकारको प्रस्तुति, जापानीय सुन्तला, च्याउ, कफी, चियाको बिक्री एवम् प्रदर्शनी, कृषि बीउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी लगायत रहेका छन् ।

# पेल्भिक फ्लोर ट्रेनिङ पोखरा ७ र निसीखोला बागलुगबाट शुभारम्भ

**प्रतिक्षा पौडेल/ रन्जिता आचार्य**
पोखरा, ७ चैत

महिलाहरुद्वारा महिलाहरुको लागि भन्ने उद्घोषका साथ पाइलट प्रोजेक्टको रूपमा पेल्भिक फ्लोर ट्रेनिङ पोखरा महानगरपालिका वडा नम्बर ७ कास्की र निसीखोला गाउपालिका बागलुङबाट क्रमश चैत्र १ र ४ मा शुभारम्भ भएको छ ।

प्रशिक्षणलाई जर्मनीबाट बिशेसज्ञ डाक्टरको बरिष्ठ सहायक पेल्भिक फ्लोर प्रशिक्षक एङ्गेस मायर र स्टाफ नर्स पविता तिमिल्सिनाको साथमा रहेको छ। कास्कीमा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा र वडा नं ७ कार्यालय र बागलुङ्ग मा निसीखोला गापाको सहकार्यमा तालिम सञ्चालन गर्न पाउँदा कर्मफ्लाइट्स र यसका साझेदारहरु हर्षित भएका छन ।



तालिममा पोखरा ५, ६, ७ र १८ को शहरी स्वास्थ्य केन्द्रबाट प्रतिनिधित्व गर्ने २५ जना (महिला मात्र) स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वयम्सेविकाहरु सहभागी थिए भने निसीखोला मा मातहतका ७ वटा स्वास्थ्य संस्थाबाट २२ जना र बुर्तिबंग प्राथमिक स्वास्थ्य केन्द्र ढोरपाटन नपा बाट ३ जना गरि २५सै जनाको उत्साहजनक सहभागिता रहेको थियो । उनीहरू नयाँ विचारहरू सिक्न निकै उत्सु देखिन्थे र त्यसलाई आफ्नो जीवन, परिवार र समुदायमा पुऱ्याउ हाम्रो अर्को तालिम २६ मार्च मा नवलपर ासीको बौदिकालीमा हुदै छ।

तालिम महिला हरुको पाठेघर खस्ने सामस्या प्रति सचेतना सिर्जना गर्न र रोकथाम गरि समाधान गर्नको लागि यो तालिम उपयोगीशिद्ध हुने सहभागीहरुले बताएका छन् भने स्थानिय निकायका नजप्रतिनिधिहरुले यल लाइ अपनत्व लिदै आगामी वर्षा बजेट बिनियोजन गरेर जनस्तर सम्म तालिम दिलाउन पहल गर्ने बताएका छन् ।

# उवा महासंघ...

कार्यसमितिको सदस्यमा रामकली खड्का,हरि शर्मा गैरे,सीता सुवेदी,झलकलाल श्रेष्ठ,काशी गुरुङ र दयाराम पौडेल चुनिएको महासंघ गण्डकीले जनाएको छ ।

समितिको सल्लाहकारमा श्रवणकुमार जोशी,लक्ष्मीप्रसाद त्रिपाठी,राजेश थापा,लिलाबहादुर अधिकारी र मोतिप्रसाद पौडेललाई मनोनित गरिएको छ । पदभार ग्रहण गर्दै अध्यक्ष भट्टचनले निजी क्षेत्रले भोगेका समस्या समाधानमा आफ्नो ध्यान केन्द्रीत हुने बताए । उनले निजी क्षेत्र पनि समाजको अंग भएकाले सामाजिक मुद्दा र उत्तरदायित्व बहनलाई पर्ना उत्तिकै प्राथमिकता दिने उद्घोष गरे ।

निवर्तमान अध्यक्ष संजिवबहादुर कोइरालाले अर्थतन्त्र संकुचनमा परेको बेला निजी क्षेत्रमाथि थप जिम्मेवारी र चुनौति आइपरेको बताए ।

# त्रिविले १७ क्याम्पसलाई भन्यो : तत्काल स्ववियु निर्वाचन अघि बढाऊ


**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचन नभएका १७ आङ्गिक क्याम्पसलाई तत्काल निर्वाचनको प्रक्रिया अगाडि बढाउन निर्देशन दिएको छ।

स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिका सदस्य सचिव पशुपति अधिकारीले स्ववियु निर्वाचन नभएका १७ क्याम्पसका क्याम्पस प्रमुखलाई पत्र लेख्दै यथाशीघ्र स्ववियु निर्वाचनको प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुभएको हो । उहाँका अनुसार यसरी निर्वाचन प्रक्रिया अगाडि बढाउन उपत्यकाका सात र उपत्यका बाहिरका १० आङ्गिक क्याम्पसका क्याम्पस प्रमुखलाई निर्देशन दिइएको छ । "देशभरिका आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त क्याम्पसमा यही चैत ५ गते स्ववियु निर्वाचन कार्य सम्पन्न हुनुपर्नेमा त्यस क्याम्पसमा के कति कारणले निर्वाचन हुन नसकेको हो ? तत्काल क्याम्पसका सम्बद्ध पक्षसँग समझदारी कायम गरी तत्कालन स्ववियु निर्वाचन प्रक्रिया अगाडि बढाउन निर्देशन गरिन्छ", उहाँले लेख्नुभएको पत्रमा उल्लेख छ। उपत्यकाका अमृत साइन्स क्याम्पस, त्रिचन्द्र बहुमुखी क्याम्पस, पाटन संयुक्त क्याम्पस, विश्वभाषा क्याम्पस, आरआर क्याम्पस, नेपाल कमर्श क्याम्पस र आयुर्वेद क्याम्पसका क्याम्पस प्रमुखलाई पत्र लेख्दै निर्वाचन प्रक्रिया अगाडि बढाउन भनिएको हो । उपत्यका बाहिरका पृथ्वीनारायण क्याम्पस, पश्चिमाञ्चल इञ्जिनीयरिङ क्याम्पस, पोखरा वन क्याम्पस, पोखरा नर्सिङ क्याम्पस, ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्ज, वीरेन्द्र बहुमुखी क्याम्पस चितवन, चितवन इञ्जिनीयरिङ क्याम्पस, कृषि क्याम्पस चितवन, धवलागिरि बहुमुखी क्याम्पस बागलुङ र सिद्धनाथ साइन्स बहुमुखी क्याम्पसका क्याम्पस प्रमुखलाई पनि पत्र लेखिएको छ।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# जातीय विभेद विरुद्ध जागरण अभियान चलाऊ

दक्षिण अफ्रिकाको सार्पभिल्लेमा रंगभेदविरुद्ध शान्तिपूर्ण प्रदर्शन गर्ने क्रममा सन १९६० मार्च २१ मा ६९ जना अधिकारकर्मी मारिएका थिए । त्यही दुःखद दिन स्मरण गर्दै संयुक्त राष्ट्रसंघले सन् १९६६ देखि हरेक वर्ष मार्च २१ लाई सबै प्रकारका जातीय विभेद अन्त्य गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय रंगभेद उन्मूलन दिवसका रूपमा मनाउने घोषणा गरेको छ । यही शान्तिपूर्ण संघर्षले दक्षिण अफ्रिकामा रंगभेद र उत्पीडनलाई टेवा दिइरहेको अपार्थिड प्रणालीलाई धराशायी बनाइदियो र, विश्वका धेरै देशमा जातिवादी कानून र व्यवहार खारेज गर्न सन्देश दियो । विश्वभर जातीय विभेद तथा अन्याय अन्त्य गर्न अन्तर्राष्ट्रिय जातीय विभेदविरुद्धको अभिसन्धि १९६५ लागू गरियो । जसको नारा हो- 'सबै मानिस स्वतन्त्र जन्मिन्छन् र उनीहरूको अधिकार तथा सम्मान समान हुन्छ ।' नेपालले जातीय भेदभाव उन्मूलन दिवस मनाउँदै आएको छ। अझै पनि दलित भएकै कारण कतिपयले ज्यान गुमाउनुपरिरहेको छ ।

यसले गर्दा सिंगो करिव १४ प्रतिशत अर्थात ६० लाख दलित समुदायले कुनै न कुनै प्रकारको विभेद भोग्नुपरिहरेको छ । नेपाल जातीय छुवाछूतमुक्त घोषणा भएको पनि १६ वर्ष बितिसकेको छ । २०६३ साल जेठ २१ गते सरकारले नेपाललाई जातीय छुवाछूतमुक्त राष्ट्र घोषणा गरिसकेको छ। यतिमात्र नभएर नेपालको संविधानदेखि विभिन्न कानूनमा पनि जातीय तथा सामाजिक छुवाछूत गर्न नपाइने व्यवस्था भइसकेको छ । यद्यपि ती सबै व्यवस्था कागजमा सीमित भएका छन् । दिवस मनाउँदै गर्दा पनि जातीय छुवाछूतविरुद्ध उजुरी दिन बाध्य छन। निर्वाचित जनप्रतिनिधि समेत अपमानित भएका घटना सार्वजनिक भएका छन् । नेपालको संविधान २०७२, राष्ट्रिय दलित आयोग ऐन २०७४, मुलुकी अपराध संहिता २०७४, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन २०६८, जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसुर र सजाय) नियमावली २०७४, राष्ट्रिय जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धनसम्बन्धी कार्यविधि २०७३ मा जातीय विभेद गर्न नपाइने व्यवस्था छ । ब्यवहारमा परिवर्तन नआउँदा छुवाछुत हट्न सकेको छैन ।

नेपालको संविधानको धारा २४ छुवाछूत र भेदभावविरूद्धको हक उल्लेख छ। जसमा कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गर्न पाइनेछैन । यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानूनबमोजिम दण्डनीय हुने भनिएको छ । संविधानकै धारा ४० मा दलितको हकसम्बन्धी व्यवस्था छ। जसको उपधारा १ मा 'राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक उल्लेख छ । उपधारा २ मा दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानूनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षाको व्यवस्था गरिने भनिएको छ । प्राविधिक र व्यवसायिक उच्च शिक्षामा दलितका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिने भनिएको छ। उपधारा ३ मा दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानूनबमोजिम विशेष व्यवस्था गरिने उल्लेख छ ।

संविधानकै धारा ४२ मा सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ। जसमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ। मुलुकी अपराध संहिता २०७४ मा भेदभावपूर्ण व्यवहार गर्न नहुने उल्लेख छ । संहिताको दफा १६० को उपदफा १ मा कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक कानूनबमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानूनको प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न नहुने उल्लेख छ। यस्तो कसूर गर्ने वा गराउने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था उपदफा २ मा गरिएको छ । कानुनमा भएको व्यवस्था अनुसार अपराध गर्नेलाई कैद सजायँ दिएमा छुवाछुत र विभेद गर्न हुँदैन भन्ने होस खुल्नेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सत्कार मिल्नेछ | तुला | ब्यापारमा लाभ |
| वृष | सम्मान मिल्नेछ | वृश्चिक | शत्रुको भय |
| मिथुन | अप्रत्यासित लाभ | धनु | झमेला बढ्ने |
| कर्कट | आर्थिक समस्या | मकर | कार्यमा सफलता |
| सिंह | मानसिक तनाब | कुम्भ | मन चञ्चल |
| कन्या | शारीरिक झमेला | मीन | सहयोग मिल्नेछ |

**हरिसिद्दि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# अन्नपूर्ण क्षेत्रका पदमार्गमा घट्यो आकर्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ७ चैत

विश्वभर रोमाञ्चक पदयात्राको पहिचान स्थापित गरेको अन्नपूर्ण क्षेत्रका पदमार्गमा अहिले पहिले जस्तो चहलपहल छैन । मोटरबाटोले दूरी बढाउँदै जाँदा यस क्षेत्रका पदमार्गमा हिँड्नेहरु घट्दै गएका छन् ।

हरियाली जङ्गलबीच चराचुरुङ्गीको चिरबिरसँगै गोरेटो बाटो पछ्याउँदै गरिने पदयात्राको रोमाञ्चकता अचेल कम हुँदै जान थालेको छ । पिठ्यूँमा झोला बोकी लौरीको साहरामा उकालो-ओरालो गर्नेहरुको सङ्ख्या पनि पातलिँदै जान थालेको छ।

अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने प्रायः सबै भित्री गाउँमा सडक सञ्जाल पुगिसकेको छ । जसले सवारी साधनको सङ्ख्या र मानिसको कोलाहल बढाएको छ । पदमार्ग मासेर बिस्तार गरिएका सडक सञ्जालले पदमार्गमा हिँड्नेहरु यतिबेला मास्क लगाएर पदयात्रा गर्न बाध्य छन् । लमजुङबाट मनाङसम्म र म्याग्दीबाट मुक्तिनाथसम्म मोटर बाटो बनेपछि पदमार्गको अस्तित्व सङ्कटमा पर्नुका साथै यस क्षेत्रको सौन्दर्य पनि हराउँदै गएको पर्यटकहरुले गुनासो गर्ने गरेका छन् । पदयात्रा व्यवसायीको सङ्गठन टानको पश्चिमाञ्चलक पूर्वअध्यक्ष दीपकराज अधिकारीका अनुसार पैदलमार्गका सिँढी डोजरले भत्काएर मोटर बाटो निर्माण हुन थालेपछि अन्नपूर्ण क्षेत्रको पदयात्रा पर्यटन नै सङ्कटमा परेको छ । उत्तरी म्याग्दीका घोडेपानी, पुनहिल, नागी, खोपा, मुस्ताङको जोमसोम, उपल्लो मुस्ताङ, अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक-घोडेपानी लगायतका लामो र छोटोदूरीका पदमार्ग 'मोटर बाटोले ध्वस्त' पारिसकेको दानका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनको भनाइ छ। उहाँका अनुसार बनेका बाटोसमेत राम्रा नहुँदा धुलो र ध्वनि प्रदूषणले पदयात्रीको सङ्ख्या दिनानुदिन घटिरहेको छ।

नेपालको पर्यटनको एउटा प्रमुख आकर्षण मानिएको पदमार्गमा जथाभावी बनेका सडकले ती मार्गको आकर्षण तथा गुणस्तर घटाइरहेको भन्दै पर्यटन व्यवसायीले चिन्ता व्यक्त गरेका छन् । जथाभावी बनेका सडकका कारण पर्यटकले त्यस मार्गमा बिताउने समय घटाउनुका साथै त्यहाँ दोहोऱ्याएर आउन वा उनीहरूले अन्यलाई सुझाउन समेत कम हुन थालेको दानाका होटल व्यवसायी सुवर्ण केसीको भनाइ छ । त्यस्ता सडकहरू पहिले रहेका पदमार्गलाई नै आधार मानेर विस्तार गरिएका हुँदा त्यहाँको पर्यटन संरक्षणका लागि तत्काल आसपासमा नयाँ मार्गहरू निर्माण आवश्यक रहेको विगत १६ वर्षदेखि पदयात्रा 'गाइड'का रूपमा काम गरिराखेका उज्वल ग्याम्दानले भन्नुभयो । सडक सञ्जाल बिस्तारका क्रममा रुख कटान भएपछि पनि समस्या भएको उहाँको भनाइ छ। पदमार्ग मिचिएका ठाउँमा वैकल्पिक रूटहरू बनाउने काम समेत नहुँदा विस्तारै त्यस्ता मार्ग नै हराउन थालेका पर्यटक गाइड शोभित गुरुङले बताउनुभयो। पर्यटन व्यवासायीका अनुसार पदयात्री पर्यटकहरूको बसाई ८० प्रतिशतसम्मले कम भएको छ। पदमार्ग व्यवस्थापनका लागि पर्यटन बोर्ड र टान मिलेर काम गर्नुपर्ने व्यवस्था छ।

# सराङघाट सबस्टेशन निर्माण सम्पन्न

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ चैत

तनहुँको बन्दीपुर गाउँपालिका-६ साराङघाटमा ३३/११ केभी सराङघाट सबस्टेशन निर्माण सम्पन्न भएको छ।

नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडद्वारा निर्माणाधीन एक सय ४० मेगावाटको तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत सो सबस्टेशन तयार भएको हो । प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत कार्यान्वयन भएको 'तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण सञ्जाल सुधार आयोजना'मार्फत निर्माण गरिएको प्रसारण लाइन र सबस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको थियो । आँबुखैरेनी गाउँपालिकास्थिति मार्कीचोक सबस्टेशनबाटबन्दीपुरगाउँपालिकाको डुम्रेसम्मको ३३ केभी प्रसारण लाइनलाई ट्र्यापिङ गरिएको छ । प्रसारण लाइनलाई बन्दीपुर गाउँपालिका-याम्पाफाँटमा ट्र्यापिङ गरी सराङघाट सबस्टेशनसम्म पुऱ्याउने १९ किलोमिटर लामो ३३ केभी लाइन पनि निर्माण सम्पन्न भएको छ । यसमध्ये एक हजार एक सय ३० मिटर प्रसारण लाइनलाई भूमिगत गरिएको छ । तनहुँ जलविद्युत् आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत आयोजना प्रभावित तनहुँ जिल्लामा विद्युतीकरण गर्न र विद्युत आपूर्तिलाई पर्याप्त, भरपर्दो तथा गुणस्तरीय बनाउन सबस्टेसन र प्रसारण लाइन निर्माण गरिएको हो। आयोजनाअन्तर्गतकै तनहुँको शुक्लागण्डकी नगरपालिका-५ स्थित खैरेनीटार सबस्टेशनबाट घिरिङसम्म १९ किलोमिटर ३३ केभी प्रसारण लाइन र ३३/११ केभीको घिरिङ सबस्टेशन यसअघि नै निर्माण सम्पन्न भई सञ्चालित छन् । सराङघाट सबस्टेशनमा ६/८ एमभिए क्षमताको पावर ट्रान्सफर्मर राखिएको छ । स्थानीयरूपमा विद्युत् आपूर्तिका लागि सबस्टेशनबाट ११ केभीका तीनवटा फिडर लाइन निकालिएको छ । एउटा फिडर जगेडामा राखिएको छ । सबस्टेशनमार्फत तनहुँको आँबुखैरेनी, बन्दीपुर र देवघाट गाउँपालिकामा विद्युत् आपूर्ति भइरहेको छ । यसबाट त्यस क्षेत्रका उपभोक्ताले भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति पाएका छन् । दुई सबस्टेशन निर्माण तथा तनहुँको विद्युतीकरणका लागि इष्ट इन्डिया उद्योग/वाइवा इन्फ्राटेक जेभीसँग २०७५ को मङ्सिरमा ठेक्का सम्झौता भएको थियो । करिब ८० लाख अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार तथा विद्युत् प्राधिकरणको लगानी र एसियाली विकास बैंक (एडिबी)को सहुलितपूर्ण ऋणमा कार्यान्वयनमा ल्याइएको हो । आयोजनाबाट दुई सय २० किलोमिटर फिडर लाइन र तीन सय ५० किलोमिटर वितरण लाइन निर्माण गरिएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले सोमबार सो सबस्टेशनको शुभारम्भ गर्नुहुँदै विद्युत् सेवा नपुगेका सबै घरधुरीमा दुई वर्षभित्र विद्युत् विस्तार हुने बताउनुभयो । उहाँले भन्नुभयो, "सबै नेपालीको घरमा विद्युत् पुऱ्याउने नेपाल सरकारको लक्ष्यलाई पूरा गर्न विद्युतीकरणको अन्तिम माइलको यात्रामा छौँ, यसका लागि अधिकांश ठेक्का सम्झौता सम्पन्न भइसकेका छन्। योसँगै विद्युत् पुगेका ठाउँमा आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन प्रणाली सुधारमा व्यापक काम गरिरहेका छौँ ।"एडिबीका नेपाल आवासीय नियोगका प्रमुख आर्नो कुश्वाले नेपालले पछिल्लो एक दशकमा विद्युतीकरणमा उल्लेख्य प्रगति हासिल गरेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "विश्वको विद्युत् पहुँचको वार्षिक वृद्धिदर औसतमा ०.८ प्रतिशत रहेकामा यसका तुलनामा नेपालको धेरै तीव्रदर अर्थात् ४.३ प्रतिशत रहेको छ, विद्युत् प्राधिकरणको नेतृत्वमा भइरहेको यो कामको हामी प्रशंसा गर्दछौं ।" उहाँले नेपालको पूर्वाधार क्षेत्रमा एडिबीको लगानी निरन्तर रहने बताउनुभयो । तनहुँ जलविद्युत् आयोजनाका प्रमुख बोधराज ढकालले तनहुँ जिल्ला सारभूतरूपमा पूर्ण विद्युतीकरण भएको उल्लेख गर्दै दुई महिनाभित्र पुँजीकरणको काम सम्पन्न गरी आयोजना बन्द गरिने बताउनुभयो।

# जीपीमा विशेषज्ञ चिकित्सकसहितको श्वासप्रश्वास सेवा सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, ७ चैत

जिल्लाको शुक्लागण्डकी नगरपालिकामा रहेको जीपी कोइराला उपचार केन्द्रले मगङ्लबारदेखि श्वासप्रश्वासका विशेषज्ञ चिकित्सकसहित सेवा सुरु गरेको छ।

तेह्रौँ गिरिजाप्रसाद कोइरालाको स्मृति दिवसको अवसर पारेर श्वासप्रश्वास विशेषज्ञ डा शैलेश गुरुङबाट उपचार गरी उक्त सेवा सञ्चालनमा ल्याइएको हो ।

बिहान १० बजेदेखि ४ बजेसम्म नागरिकलाई सेवा प्रदान गरिने केन्द्रका प्रमुख डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो । अहिले सुरुमा श्वासप्रश्वास जाँच गर्ने स्पाइरोमिटर रहेको र आवश्यक उपकरण जडान गर्दै जाने योजना रहेको उहाँले बताउनुभयो । "यसअघि सामान्यरूपमा उपचार गर्दै आए पनि आजदेखि उद्देश्यअनुरूपको कार्यको थालनी गरेका छौँ", उहाँले भन्नुभयो, "अब श्वासप्रश्वाससम्बन्धीका बिरामीले पोखरा, चितवन र काठमाडौँ धाउनुपर्दैन ।"

हाल उक्त केन्द्रमा १० विशेषज्ञ र १० मेडिकल अधिकृत गरी २० जनासहित एक सय चिकित्सकले सेवा प्रदान गर्दै आएका छन् । एनेस्थेसिया, हाडजोर्नी, सर्जन, स्त्रीरोगलगायतका विशेषज्ञ चिकित्सक उक्त केन्द्रमा रहेका छन् । दश शय्या आइसियुसहित ५० शय्या क्षमताको अस्पतालमा दैनिक तीन सयको हाराहारीमा बिरामी उपचारका लागि आउने गरेका छन् ।

जीपी कोइराला उपचार केन्द्रको स्वामित्वमा सात सय ४० रोपनी क्षेत्रफल जग्गा रहेको बताइएको छ।

# तलोत्तमा गोल्डकप : नेपाल पुलिसलाई हराउँदै मनाङ मर्स्याङ्दी सेमिफाइनलमा

**रासस**
काठमाडौं, ७ चैत

बुटवलमा जारी तिलोत्तमा गोल्डकपको २२ औँ शृङ्खलाअन्तर्गतको मंगलबारको खेलमा मनाङ मर्स्याङ्दी क्लबले नेपाल प्रहरीको टिमलाई पराजित गरेको छ।

बुटवलमा शनिबारदेखि सुरु भएको प्रतियोगिताको आज भएको अन्तिम क्वार्टरफाइनल खेलमा मनाङ मर्स्याङ्दी २-१ गोल अन्तरले विभागीय टिम नेपाल प्रहरीलाई पराजित गरेर सेमिफाइनलमा प्रवेश गरेको हो।

मनाङ मर्स्याङ्दी क्लबले खेलको पहिलो हाफमा २ गोल गरेको थियो । दोस्रो हाफमा नेपाल पुलिस क्लबले १ गोल गर्दै खेललाई २-१ को स्थितिमा पुऱ्याएको थियो । नेपाल पुलिसले एक गोल फर्काए पनि जितका लागि पर्याप्त भएन। खेलमा पहिलो हाफको ३२ औँ मिनेटमा मनाङ मर्स्याङ्दीका प्रसन्न श्रेष्ठले पहिलो गोल गर्न सफल भएका थिए भने पहिलो हाफको इन्जुरी समयमा चेतनकुमार थारुले रिवाउन्ड सटमा दोस्रो गोल गर्न सफल भएका थिए। आजको खेलमा मनाङ मर्स्याङ्दीका अनिश पोमु लिम्बू र कप्तान जीवन गुरुङले पहेँलो कार्ड पाएका थिए।

नेपाल पुलिसका लागि खेलको दोस्रो हाफमा बुद्धबल तामाङले एक गोल फर्काएका थिए । उनले दोस्रो हाफको १६ औँ मिनेटमा गोल गरेका थिए। नेपाल पुलिसका मनोज राई र कृष्ण गुरुङले पहेँलो कार्ड पाएका थिए । मंगलबारको खेलमा म्यान अफ द म्याचबाट पुरस्कृत हुँदै मनाङ मर्स्याङ्दीका चेतनकुमार थारुले रु ११ हजार एक सय ११ प्राप्त गरे। योसँगै भोलिदेखि सेमिफाइनलको खेल सुरु हुनेछन् । भोलिको पहिलो सेमिफाइनल खेल आयोजक रुपन्देही ११ लाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको सुदूरपश्चिम ११ र हिमालयन शेर्पा क्लबलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थ्री स्टार क्लबबीच हुनेछ।

रुपन्देही जिल्ला फुटबल सङ्घको आयोजनामा एन्फा टेक्निकल सेन्टर देवीनगरमा चलिरहेकोतिलोत्तमागोल्डकपमा दुई विभागीयसहित आठ टिम सहभागी भएको प्रतियोगिताको विजेताले रु ११ लाख ११ हजार एक सय ११ नगद पुरस्कार पाउने सङ्घले जनाएको छ । गोल्डकपको उपविजेताले रु पाँच लाख ५५ हजार पाँच सय ५५ पुरस्कार प्राप्त गर्ने छ।

# उद्योगमा लगानी : ६२ वर्षमा २८ खर्ब

**रासस**
काठमाडौं, ७ चैत

करिब ६२ वर्षको अवधिमा उद्योग क्षेत्रमा मात्रै करिब २८ खर्ब बराबरको लगानी भएको पाइएको छ । उद्योग विभागले सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म (विभिन्न क्षेत्रका उद्योगमा) रु २७ खर्ब ८२ अर्ब बराबरको लगानी प्रस्ताव भएको छ।

आर्थिक वर्ष २०१७/१८ सालदेखि २०७९/८० सम्म आठ हजार नौ सय ७४ उद्योगका लागि उक्त लगानी प्रस्ताव भएको हो । उक्त तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव साना उद्योगमा रहेको छ।

तथ्याङ्क अनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ७० हजार दुई सय ५५ जनालाई रोजगारी उपलब्ध गराएको उल्लेख छ।

# बाबा साहित्य साधक सम्मान श्रेष्ठ र अधिकारीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ७ चैत

बाबा साहित्य साधक सम्मान २०७८ र २०७९ क्रमशः तनहुँका साहित्यिक अभियन्ता आनन्दसुन्दर श्रेष्ठ र कास्कीका कवयत्री लिली अधिकारीलाई अर्पण गरिने भएको छ।

कवि तथा गीतकार दुर्गाबहादुर शाह 'बाबा'लाई प्राप्त पुरस्कार र विसं २०६७ मा एकल कविता वाचन कार्यक्रममा सङ्कलित रकमबाट सो सम्मान प्रदान गरिँदै आइएको छ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य सहप्राध्यापक कृष्णप्रसाद पौडेलको संयोजकत्वमा लोककिन्नरी हरिदेवी कोइराला र अन्तर र्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) बोर्ड अफ ट्रष्टी कार्यसमिति सदस्य ऋषि बराल सदस्य रहनुभएको प्रतिभा छनोट समितिको सिफारिसलाई सङ्घर्षमा कलमका अध्यक्ष कृष्ण सारथीको अध्यक्षतामा सम्पन्न बैठकले पुरस्कृतको नाम छनौट गरेको हो । श्रेष्ठ शुक्ला साहित्य सङ्गम तनहुँका पूर्वअध्यक्ष हुनुहुन्छ । उहाँको 'उद्वेलित मनहरू' गजल सङ्ग्रह कृति प्रकाशित छ। पोखरा-२४ का अधिकारीको 'पहराको फूल' कविता सङ्ग्रह प्रकाशित छ । गण्डकी प्रदेशभित्रका स्रष्टालाई अर्पण गरिँदै आएको बाबा साहित्य साधक सम्मानबाट लमजुङका रुपिन्द्र प्रभावी, गोरखाकी सरस्वती श्रेष्ठ सरु, बागलुङका सुमन श्रापित, पर्वतका शान्तिनारायण श्रेष्ठ, कास्कीका धनबहादुर गायक र कृष्णप्रसाद पौडेल यस अगाडि सम्मानित भइसक्नुभएको छ।

सम्मानको राशि नगद रु १० हजार पाँच सय ५५ नगद, सम्मानपत्र र दोसल्ला छ । यस वर्ष दुवै सम्मान २०७९ चैत १८ गतेका दिन प्रदान गरिने सङ्घर्षमा कलमका सदस्यसचिव असफल गौतमले जानकारी दिनुभयो।

# क्रिकेट खेलाडीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ७ चैत

नेपाल भूतपूर्व खेलाडी मञ्च र पोखरा क्रिकेट एकेडेमीले राष्ट्रिय क्रिकेट टोलीका करण केसी र यु-१९ टोलीका सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई आज सम्मान गरेको छ।

यू-१९ विश्वकपमा पुऱ्याउन महत्वपूर्ण भूमिका खेल्ने गण्डकी प्रदेशका सुभाष भण्डारी, अर्जुन कुमाल र दीपकराज डुम्रेलाई जनही रू पाँच हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको हो। त्यस्तै लिग टु क्रिकेटमा नेपाललाई क्वालिफायर राउण्डमा पुऱ्याउन भूमिका खेल्ने नेपाली राष्ट्रिय टोलीका सदस्य करण केसी लाई मञ्चले रू २० हजार नगदसहित सम्मानपत्र प्रदान गरेको हो। आइसिसी विश्वकप लिग टु का खेलमा केसीले कूल ५० विकेट लिएका थिए र साथै अन्य तीन जना खेलाडीले सन् २०२४ मा श्रीलङ्कामा हुने विश्वकपमा छनोटमा उत्कृष्ट प्रदर्शन गरेका थिए। उहाँहरूलाई मञ्चका कार्यबाहक अध्यक्ष दिलबहादुर गुरुङ, निवर्तमान अध्यक्ष तेज गुरुङ, संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटलगायतले सम्मान गर्नुभयो। उक्त अवसरमा पोखरा क्रिकेट एकेडेमीका तर्फबाट चारै जना खेलाडीलाई जनही रू पाँच/पाँच हजार प्रदान गरी सम्मान गरिएको थियो।

कार्यक्रममा मञ्चका कार्यबाहक अध्यक्ष गुरुङले नेपाली राष्ट्रिय क्रिकेट टिमले राष्ट्रको झण्डा अन्तर राष्ट्रियस्तरमा फहराउन महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो। पोखरा रङ्गशालामा रहेको क्रिकेट मैदानछिट्टैस्तरोन्नतिहुनुपर्ने उल्लेख गर्दै उहाँले रङ्गशालासहितका क्रिकेट रङ्गशाला स्तरोन्नति हुनसके पर्यटक खोज्न टाढा जान नपर्ने बताउनुभयो। मञ्चका निवर्तमान अध्यक्ष तथा प्रदेश खेलकुद परिषद्का निवर्तमान सदस्य सचिव तेजबहादुर गुरुङले राज्यले के दियो भन्दा पनि खेलाडीले आफ्नो खेल जीवनले दिएको संस्कार बिर्सन नहुने बताउनुभयो। "क्रिकेटले यतिबेला ठूलो उपलब्धि हासिल गरेको छ। यो हाम्रो लागि गौरवको विषय हो। यसलाई कायम गर्न खेलाडीले आफ्नो अनुशासनलाई कायम गर्दै आफूलाई समाजको विकासमा रुपान्तरणमा अघि बढाउनुपर्छ", उहाँले भन्नुभयो। मञ्चका संस्थापक अध्यक्ष खड्गबहादुर रानाभाटले खेलाडीले आफूलाई अघि बढाउन अनुशासनसँगै प्रशिक्षकको निर्देशनलाई पालना गर्दै अघि बढ्नुपर्ने बताउनुभयो। खेलकुदको माध्यमबाट पोखरालाई पर्यटनको हबको रुपमा विकास गर्न पोखरा विमानस्थलको जग्गालाई क्रिकेट स्टेडियमको रुपमा विकास गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।पोखरा क्रिकेट एकेडेमीका अध्यक्ष बविन कुँवरले नेपालले पाएको सफलताले गौरवान्वित बनाएको बताउनुभयो।



कार्यकारी निर्देशक घिसिङ सबस्टेशनको निरीक्षण: तनहुँको बन्दीपुर गाउँपालिका-६ सराङघाटमा निर्माण सम्पन्न भएको सबस्टेशनको निरीक्षण गर्दै नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ। तनहुँ जलविद्युत् आयोजनामार्फत् सबस्टेशन निर्माण गरिएको हो। तस्बिर : कृष्ण न्यौपाने/रासस

# डिपिआरमै अल्झियो उत्तरगङ्गा जलाशययुक्त आयोजना

-खेमराज गौतम
गलकोट, ७ चैत

नेपालकै सस्तो र नमुना जलविद्युत् आयोजनाका रुपमा चर्चा कमाएको उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)मै अल्झिएको छ।

उत्तरगङ्गा जलाशययुक्त जलविद्युत् आयोजना निकै चर्चा पाएको आयोजना भए पनि अध्यानमै सीमित भएको छ। आयोजनाको निर्माणको चर्चा विसं २०६१ देखि भए पनि बल्ल आएर डिपिआर थालिएको थियो। डिपिआर बनाउने विदेशी कम्पनीले काम नगरेपछि अहिले ठेक्का सम्झौता तोड्दैँदा आयोजना निर्माणमा थप अन्योल भएको हो। सम्भाव्यता अध्ययन सम्पन्नपश्चात् डिपिआरको काममा उत्तरगङ्गा पावर कम्पनीले इरानी कन्सल्टेन्सी शहीद, बहीद डास्ग्रेडी तेहरानलाई सम्झौता गरेर पनि उक्त कम्पनी फिल्ड नआएका कारण ठेक्का सम्झौता तोडिएको उत्तरगङ्गा जलविद्युत् आयोजनाका प्रमुख अम्बिकेश झाले जानकारी दिनुभयो। "गत असोजदेखि डिपिआरको काम थालेकोकन्सल्टेन्सीलेस्थलगतरुपमा काम खटिन रुस र युक्रेन युद्धका कारण असमर्थ जनाएकाले ठेक्का सम्झौता तोडिएको हो, अब नयाँ ठेक्का लगाउने विषयमा ऊर्जा मन्त्रालयसँग छलफल भइरहेको छ", झाले भन्नुभयो, "आयोजना निकै ठूलो र नमुना भएका कारण निर्माणमा ढिलाइ भए पनि उत्तरगङ्गा जस्तो आयोजना निर्माण नगरेर सरकारलाई सुखै छैन, हाम्रो जस्तो देशमा यस्ता बहुआयामिक आयोजना कम मात्रै छन्, ढिलो होला तर अवश्यक आयोजना बन्नेछ।"आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनसमेत एक वर्षदेखि वन मन्त्रालयमा थन्किएको छ भने डिपिआरका लागि सम्झौता गरेको विदेशी कम्पनीले काम नगर्दा ठेक्का सम्झौता भङ्ग गरिएको झाले जानकारी दिनुभयो। "डिपिआरका लागि परामर्शदाता छनोट गरेर काममा खटाएका थियौँ, रुस र युक्रेनको युद्धका कारण विदेशी कम्पनी आएन, एक वर्षदेखि काम नभएपछि ठेक्का रद्द गरेका छौँ", आयोजना प्रमुख झाले भन्नुभयो, "अब नयाँ परामर्शदाताका लागि ठेक्का खुलाउने विषयमा निर्णय हुन बाँकी छ, नेपालकै नयाँ र नमुना आयोजनामा ढिलाइ भएको स्वीकार गर्छु, राजनीतिकरुपमा यो आयोजना सफल पार्न दबाब हुनुपर्दछ।" ढोरपाटन उपत्यकामा जम्मा गरेको पानी निसीखोलामा खसाल्ने या रुकुमपश्चिममा खसाल्ने राजनीतिक विवादका कारण आयोजना अध्ययनमै सीमित भइरहेको छ। तर आयोजनाका प्राविधिकले निसीखोलामै पानी खसाल्दा मात्रै आयोजना सम्पन्न हुने बताउँदै आएका छन्। झाका अनुसार आयोजनाले उत्तरगङ्गा पावर कम्पनीमार्फत निरन्तररुपमा आयोजनाको काम गरिरहेको र ठूलो आयोजना भएकाले समय बढी खर्च भइरहेको बताउनुभयो। उहाँले बाहिर आयोजना निर्माणमा भएको ढिलाइ नभएर निरन्तररुपमा आयोजनाको प्रक्रियागत काम भने भइरहेको छ। बागलुङको ढोरपाटनबाट बग्ने उत्तरगङ्गा नदी उपत्यकामा बाँध बानेर हिउँद बर्खामा समान विद्युत् उत्पादन गर्ने लक्ष्य रहेको छ। हिउँद र बर्खामासमेत आठ सय २८ मेगावाट क्षमताको विद्युत् उत्पादन हुने प्रारम्भिक सर्वेक्षण रिपोर्टले बताएको छ। बागलुङमा बगिरहेको उत्तरगङ्गा नदी रुकुमको सानीभेरीमा मिसिँदै आएको छ। तर विद्युत् उत्पादन गर्न उक्त नदीको पानीलाई निसीखोलामा झार्ने आयोजनाको लक्ष्य रहेको छ। आयोजनाको पानी रुकुम र बागलुङको निसीखोला कता खसाल्ने भन्नेमा नेताको द्विविधाका कारण आयोजनाले गति नलिएको स्थानीय रामबहादुर घर्तीमगरको भनाइ छ। नेपालकै महत्वपूर्ण आयोजनाका रुपमा सरकारले लिँदै आएको उत्तरगङ्गाप्रति जनताको धारणा दुईथरी रहेको छ। बाँध बन्दा ढोरपाटन उपत्यका पुरिने भन्दै आयोजना बनाउन समस्या हुने केही स्थानीयको भनाइ छ भने केहीले हाम्रो व्यवस्थापन भएमा आयोजनाले यहाँको आर्थिक विकासमा सहयोग पुऱ्याउने भन्दै सकारात्मक धारणा राख्दै आएको घर्तीमगरको भनाइ छ। विसं २०६१ देखि आयोजनाको प्रारम्भिक सर्वेक्षण सुरु गरे पनि वातावरणीय प्रभाव मूल्याङ्कनको काम भने तीन वर्षअघि मात्रै सम्पन्न भएको थियो। ढोरपाटनको उत्तरगङ्गा नदीमा दुई सय मिटर अग्लो बाँध बाँधेर जम्मा गरेको पानीलाई ढोरपाटनको नवीदेखि सुरुङ माग हुँदै एक हजार छ सय ३४ मिटर तल खसालेर निसीखोलामा झार्ने सम्भाव्यता अध्ययनमा उल्लेख गरिएको छ।

# पटारमा 'एक घर, एक धारा'

पोखरापत्र संवाददाता
म्याग्दी, ७ चैत

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ पटारमा खानेपानी आयोजना निर्माण भएको छ।

गोर्खा वेल्फेयर ट्रष्टको सहयोग र स्थानीयवासीको श्रमदानमा पटारमा एक घर, एक धारासहितको खानेपानी आयोजना निर्माण भएको हो। पटारका बासिन्दासमेत रहनुभएका वडा सदस्य भीमबहादुर तिलिजाले आयोजनाबाट २९ घरधुरीका एक सय ५९ जनसङ्ख्या लाभान्वित भएका जानकारी दिनुभयो।

"मिटर जडित निजी धारामार्फत खानेपानी वितरण गरिएको छ", उहाँले भन्नुभयो, "आँगनकै धारामा नियमित खानेपानी आपूर्ति भएपछि समयको बचत र झन्झट हटेको छ।" दुईवटा सार्वजनिक धारा निर्माण गरिएको छ। पटारवासीले यसअघि पुरानो आयोजनाको सार्वजनिक धारामार्फत खानेपानी उपभोग गर्दै आएका थिए। कुल रु २६ लाख ७४ हजार तीन सय १४ लागत अनुमान गरिएको थियो। वेल्फेयरको रु १७ लाख छ हजार आठ सय ९७ र उपभोक्ताको रु नौ लाख ६७ हजार चार सय १६ को लागतमा आयोजना निर्माण भएको वेल्फेयर ट्रष्टले जनाएको छ। गत फागुन ६ गते सम्झौता भएको आयोजना यही चैत १० गते सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। सोमबार आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको थियो। अधिकांश विकास आयोजना ढिलासुस्तीले थलिएको अवस्थामा पटार खानेपानी आयोजना निर्धारित समयभित्रै सम्पन्न भएको अन्नपूर्ण गाउँपालिका-४ का वडाध्यक्ष लोकबहादुर फगामीले बताउनुभयो। गोर्खा वेल्फेयर ट्रष्ट र उपभोक्ताको लागत साझेदारीमा अन्नपूर्ण गाउँपालिकामा थप दुईवटा आयोजना निर्माणको अन्तिम चरणमा छन्। पटारसहितका तीन आयोजनाबाट एक सय दुई घरका पाँच सय ११ जनसङ्ख्या लाभान्वित हुनेछन्। कुल रु एक करोड ४० लाख १४ हजार नौ सय ३५ को लागतमा निर्माण सुरु भएको आयोजनाबाट उपभोक्ताको घर, विद्यालय र सार्वजनिकस्थलमा एक सय आठवटा निजी धारा जडान गरिने गोर्खा वेल्फेयर ट्रष्टका परियोजना प्रबन्धक बेलबहादुर गुरुङले जानकारी दिनुभयो। "अन्नपूर्ण गाउँपालिकाको वडा नं ३ मा दानाबजार र द्वबारी खानेपानी आयोजना पनि निर्माणको अन्तिम चरणमा छन्", उहाँले भन्नुभयो, "संस्थाले कुल लागतको ६३ देखि ६६ प्रतिशत साझेदारी गरेको छ।"

कुल रु ६७ लाख ६७ लागत अनुमान गरिएको दानाबजार खानेपानी आयोजनाबाट निर्माण हुने ५१ धारामार्फत दुई सय ३० जनसङ्ख्या लाभान्वित हुनेछन्। रु ४६ लाख ४० हजार पाँच सय ५४ लागत अनुमान गरिएको द्वबारी खानेपानी आयोजनामार्फत निर्माण हुने २६ धाराबाट एक सय १२ जनसङ्ख्या लाभान्वित हुने संस्थाले जनाएको छ।

गोर्खा वेल्फेयर ट्रष्टले अन्नपूर्ण गाउँपालिकाको १० वर्षे खानेपानी सरसफाइ तथा स्वच्छता योजना पनि तयार पारेको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन्ले जानकारी दिनुभयो। हाल खानेपानी र सरसफाइको अवस्था, आवश्यकता समेटिएको योजनाका आधारमा खानेपानी तथा सरसफाइको पुहँच विस्तार योजना तथा कार्यक्रम सञ्चालन गरिने अध्यक्ष पुनले बताउनुभयो।

खानेपानी विभागको मापदण्डअनुसार अन्नपूर्णका शतप्रतिशत नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउन २५ वटा थप आयोजनानिर्माणगर्नुपर्ने, नौवटा विभिन्न निकायमार्फत निर्माणाधीन रहेका र मौजुदासहित रु ८९ करोड बजेट आवश्यक पर्ने योजनामा औँल्याइएको छ।

# 'सामान हाम्रो, मूल्य ग्राहकको

-पूर्ण विके
तनहुँ, ७ चैत

बन्दीपुर गाउँपालिकामा रहेका करिब ४० घर भुजेलले बाँसबाट निर्मित सामग्री बिक्री गरेर आम्दानी गर्दै आएका छन्। बाँसबाट निर्मित परम्परागत घरायसी सामग्री बिक्री गरेर घरको दैनिकी धान्दै आएका उनीहरू पछिल्लो समय सङ्कटमा पर्दै गएका छन्।

बजारमा कच्चापदार्थ बाँस, दैनिक उपभोग्य सामग्री र यातायातको भाउ बढेपछि आफूहरूको आम्दानी खुम्चीएको ५३ वर्षीय चन्द्रबहादुर भुजेलले बताउनुभयो। "बजारमा तेलदेखि चामलसम्मको मूल्य अकाशिएपछि बजार जान सकिने अवस्था छैन", चन्द्रबहादुरले भन्नुभयो, "तर हाम्रो मूल्य भने पहिले जस्तो थियो अहिले पनि त्यस्तै छ। मूल्य बढाउन खोजे कसैले पनि किन्दैनन्।" आफूहरूले करिब १७ किलोमिटर टाडा पर्ने व्यास नगरपालिका-११ कमलबारीदेखि प्रतिघना बाँसको दुई सयदेखि दुई सय ५० रुपैयाँसम्म तिरेर ट्याक्टरमा हालेर ल्याउनुपर्ने अवस्था रहे पनि बजारमा सस्तोमा बाँसको सामग्री बिक्री गर्नुपर्दा पेसाप्रतिको मोह घट्दै गएको उहाँले बताउनुभयो। "बाउबाजेको पालादेखि गर्दिँदै आएको भनेर यही पेसा अँगालियो", चन्द्रबहादुरले भन्नुभयो, "बजारमा हामीले राखेको मूल्यमा कहिल्यै सामान बिक्री हुँदैन। हाम्रो सामान तर मूल्य ग्राहकको हुने गर्छ।" आफूहरूले बाँसबाट बनाएको डालो, नाइलो, मान्द्रो र कुचोलगायतका सामग्री होलसेलमा खरिद गर्ने व्यापारीबाट झनै सास्ती पाउने गरेको २९ वर्षीया तारा भुजेलले बताउनुभयो।

आफूहरूले बनाएको कुचोलाई प्रतिवटा रु २० मा खरिद गरेर होलसेल व्यापारीले रु ५० देखि रु ७० सम्ममा ग्राहकलाई बिक्री गर्ने गरेको ताराको दुखेसो छ। "दिनभरि सामान बोकेर व्यापार गर्न पनि पहिले जस्तो सजिलो छैन", ताराले भन्नुभयो, "महँगोमा बाँस किनेर सस्तोमा सामान बेच्नुपर्दा पेसा धान्न धौधौ छ।" बन्दीपुर गाउँपालिकाको कार्यालयमा गएर आफूहरूले निश्चित शुल्क लिएर बाँसका सामग्री बिक्री गर्ने व्यवस्था मिलाइदिन पटकपटक अनुरोध गरेको भए पनि सुनुवाइ नभएको ताराले बताउनुभयो। प्रतिघना बाँसबाट दुई/तीन वटा नाइलो तथा चार/पाँच वटा कुचो बन्छ। ती सामग्री बनाउन करिब दुई दिन लाग्ने भुजेलको भनाइ छ।

आफूहरूले प्रतिनाइलोको तीन सय रुपैयाँ तोके पनि उक्त दरमा कसैले नकिन्दा सस्तोमा बेच्न बाध्य हुनुपरेको भुजेलको गुनासो छ। "हामीले महँगोमा बाँस खरिद गर्नुपर्दा पेसा सङ्कटमा परेको छ", स्थानीय ५५ वर्षीया हस्तबहादुर भुजेलले भन्नुभयो, "सस्तोमा बाँस खरिद गर्न पाए पो हाम्रो सामानको मूल्य पनि सस्तो नै पर्ने थियो।

अहिले घाटाको व्यापार गर्नुपरेको छ।" उहाका अनुसार बाँसको सामग्री बनाउने परम्परागत पेसाप्रति युवापुस्ताको भने रुचि देखिँदैन। मेहनत बढी र फाइदा कम हुने पेसा भएकाले गाउँका युवाको रुचि वैदेशिक रोजगारीमा नै हुने गरेको हस्तबहादुरको भनाइ छ। बाँसको सामान बिक्री गरेर दैनिक दुई/तीन सय रुपैयाँ पनि हात पार्न समस्या भएको उहाँले बताउनुभयो। पुरुषसँगै भुजेल महिलाले पनि सँगै बाँसको काम गर्ने प्रचलन छ। "१५/१७ वर्ष पहिले सस्तो थियो। घरमै बसेर दुई चार रुपैयाँ खेलाउन पाइन्थ्यो", हस्तबहादुरले भन्नुभयो, "तर अहिले कसैले कति पर्छ भनेर सोधे कति दिनुहुन्छ भन्नुपर्ने अवस्था छ। हाम्रो श्रमको मूल्य नै छैन। घाटाको व्यापार गर्दिन भनेर ३२ वर्षीय छोरा इन्द्रबहादुर पनि कतार हानियो।" गाउँका करिब १२/१५ युवाले बाँसको परम्परागत सामग्री बनाउने पेसा छाडेर रोजगारीको क्रममा कतार, मलेसिया, साउदी र दुबईलगायत विभिन्न खाडी मुलुक गएको तथ्याङ्क आफूहरूसँग रहेको स्थानीयको भनाइ छ। भुजेलको परम्परागत पेसा संरक्षणका लागि अनुदान दिने व्यवस्था गरे पनि फर्म दर्ता गर्नेबारेमा भुजेललाई जानकारी नहुँदा समस्या भएको बन्दीपुर गाउँपालिकाले जनाएको छ। गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले परम्परागत सामग्री बनाउने भुजेलको पेसा संरक्षणका लागि आफूहरूले विशेष कार्यक्रम नै बनाउन लागेको बताउनुभयो। "बजारमा बढ्दो महँगीले गर्दा भुजेलको परम्परागत पेसा सङ्कटमा पर्दै गएको छ", अध्यक्ष थापाले भन्नुभयो, "त्यसको संरक्षणका लागि हामीले विभिन्न कार्यक्रम सञ्चालन गर्नेछौँ।"

# 'विभेदको प्रकृति फेरियो, अझै बढी पीडा हुन्छ'

पोखरापत्र संवाददाता
बागलुङ, ७ चैत

नेपालमा दलित आन्दोलनको उद्गमस्थल हो बागलुङ। दलित आन्दोलनका पिता मानिने भगत सर्वजित विश्वकर्माले विसं १९९७ मा 'विश्व सर्वजन सङ्घ' स्थापना गरेर जातीय विभेदविरुद्ध बिगुल फुक्न सुरु गरेका थिए। बागलुङमा अभियानको ८२ वर्ष पूरा भएको छ। भगत सर्वजितपछिका कयौँ अभियन्ता आन्दोलनको दौरानमा अस्ताए तर जातीय विभेद भने अझै अस्ताएको छैन।

नेपालको संविधान २०७२ ले छुवाछूत तथा जातीय विभेदलाई दण्डनीय कार्य भनेको छ। सोहीअनुसार बनेका कानूनले दण्ड र जरिवानाको व्यवस्था त गरे तर कार्यान्वयन भने फितलो छ। "भगत सर्वजितले अभियानको थालनी गर्ने बेलाको जस्तो अहिले विभेद छैन, विभेदको प्रकृति फेरिएर गहिरो जरा गाडेको छ", पत्रकार महासङ्घ बागलुङका कार्यबाहक अध्यक्ष नवीन शिशिर विक भन्नुहुन्छ, "हिजो खुल्ला विभेद गरिन्थ्यो, अहिलेको विभेदले समाजमा थप अपमानित महसुस गराउँछ।" आठ दशकको अवधिमा यति धेरै राजनीतिक उपलब्धि हुँदा पनि दलित समुदायप्रतिको विभेदको अवस्था उस्तै रहनु दुःखद् भएको उहाँले बताउनुभयो। "रक्सीले मातेको ब्राह्मणको छोरा लडेको देखे 'कामीले जस्तो रक्सी खाएर पल्टेछ' भन्छन्, 'हरिबहादुर परियारकी छोरी बाहुनकी छोरीजस्तै छ' भनेर अवहेलना गरिन्छ", विक भन्नुहुन्छ, "हिजोजस्तो सुनपानी छर्किँदैन, खाएको भाँडा माझ्न लगाइँदैन तर दलित र गैरदलितलाई दाँजेर गरिने व्यवहारले थप पीडा दिने गरेको छ।"

देशलाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरिएको १६ वर्षभन्दा बढी भएको छ तर, पनि जातीय भेदभाव तथा छुवाछुतका कारण हुने अमानवीय व्यवहार अहिले पनि रोकिएको छैन। "अहिले पनि सिधै वा घुमाउरो पाराले विभेद हुन्छ, घर, समाज र राज्यका निकायमा हामीमाथि विभेद छ" दलित अभियन्ता भक्तबहादुर विकले भन्नुभयो "व्यवस्था परिवर्तनले मात्रै पुगेन, व्यवहार परिवर्तन हुनुपर्यो।" संयुक्त राजनीतिक दलित सङ्घर्ष समिति बागलुङले ५८ औँ अन्तर्राष्ट्रिय रङ्गभेद तथा जातिभेदविरुद्धको दिवसमा आयोजना गरेको 'बदलिएको जातीय विभेदको स्वरुप' विषयक अन्तर्क्रियामा बोल्ने वक्ताले जातीय विभेद गर्नेलाई सरकारी सेवा सुविधाबाट वञ्चित गर्न माग गर्नुभएको थियो। जातीय छुवाछूत अन्त्य गर्न कानूनको प्रभावकारी कार्यान्वयन र दलित समुदायको सशक्तीकरण गर्नुपर्ने सरोकारवालाले जोड दिनुभयो।

सांस्कृतिक तथा सामाजिक रुपान्तरणका लागि राज्य निर्मम भएर प्रस्तुत हुनुपर्ने दलित अधिकारकर्मीको जोड थियो। आन्दोलनले संवैधानिक अधिकार प्राप्त गरे पनि कानून कार्यान्वयन प्रभावकारी नहुँदा परिवर्तनको अनुभूत गर्न नपाएको भगत सर्वजित विश्वकर्मा प्रतिष्ठानका सचिव मनकाजी विकले बताउनुभयो। विगतको समाजमा गर्ने जातीय विभेद र वर्तमान समाजले गर्ने जातीय विभेदको स्वरुप परिवर्तन भएको संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिका अध्यक्ष टीकाकुमार विकले बताउनुभयो। अन्तरजातीय विवाह गरेको, अन्तरजातीय प्रेम सम्बन्धमा रहेकै कारण दलित समुदायका व्यक्तिले बालविवाह र बलात्कार, शरीर बन्धकको मुद्दा खेप्न बाध्य भएको विकले घटना उल्लेख गर्नुभयो। जातीय विभेदको मानसिकताबाट प्रेरित भए कानूनका छिद्र खोज्दै दलित समुदायमाथि न्यायिक हमलाको घटना बढ्दै जानु सामाजिक एकता, सद्भाव र शान्ति सुरक्षाका लागि खतरा भएको अधिकारकर्मी लक्ष्मण श्रीको भनाइ थियो।